# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ न प्रदेश, नेपाल


प.सं.:- ०७७।७८

च.नं.:- ५८१

मिति:- २०७७।०६।०४

विषय:- सूचना पठाईएको बारे ।

श्री वडा कार्यालय (सबै),

दक्षिणकाली नगरपालिका,

काठमाडौं ।

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय, काठमाडौंको च.नं. ३४३ मिति २०७७/०५/३१ को पत्रसाथ प्राप्त वन तथा भू-संरक्षण विभागको वन जन्य उद्यम प्रवर्द्धन तथा विकास अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना सम्बन्धित समूह, संस्था तथा स्थानीय जनसमुदायमा जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन गरिदिन यसैसाथ उक्त सूचना संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

(दिपक कुमार के.सी.)

यो.अ.तथा प्र.अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं ।

महानिर्देशक

## वन जन्य उद्यम प्रबर्द्धन तथा विकास अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०५।२९

यस विभागको आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वनजन्य उद्यम प्रबर्द्धन तथा विकास अनुदान कार्यक्रममा अनुदान सहयोगको लागि बजेटको व्यवस्था भएको हुँदा वन पैदावरमा आधारित उद्यम स्थापना र सञ्चालनको लागि इच्छुक नियमानुसार दर्ता भएका वन समूह तथा वनजन्य उद्यम सम्बन्धी उद्धेश्य भएको अन्य समूह तथा सहकारी संस्थाहरूले मिति २०७७।०६।२७ गते भित्र डिभिजन वन कार्यालय (८४) वा वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौंमा विभागद्वारा तोकिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आबेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

द्रष्टब्यः

१. अनुदान रकम कुनै एउटा समूह/संस्थालाई प्रस्ताव मूल्याङ्कनका आधारमा बढीमा २० लाखसम्म उपलब्ध हुनेछ ।
२. प्रस्तावित आयोजनाको ५० प्रतिशत अंश सम्बन्धित समूह संस्थाले अनिवार्य व्यहोर्नु पर्नेछ ।
३. अनुदान प्रस्ताव तोकिए बमोजिमको ढाँचामा हुनु पर्नेछ र प्रस्ताव साथमा दर्ता प्रमाणपत्र, नियमन गर्ने निकायको सिफारिस र विस्तृत लागत अनुमान अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
४. यस भन्दा अगाडि एउटा प्रयोजनको उद्यममा अनुदान प्रप्त गरेका समूह/संस्थालाई सोहि प्रयोजनको लागि पुनः अनुदान उपलब्ध गराइने छैन ।
५. विस्तृत सूचना र प्रस्तावको ढाँचा विभागको वेवसाइट www.dofsc.gov.np मा हेर्न सकिनेछ र सोहि ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पेश गर्नुपर्नेछ । साथै इमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा सम्बन्धित समूह/सहकारीले afo.social@dofsc.gov.np मा संलग्न गरी पठाउन सक्नुहुनेछ ।
६. थप जानकारीको लागि वनजन्य उद्यम प्रबर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि- २०७५ (प्रथम संशोधन-२०७६), विभागको वेवसाईटमा अध्ययन गर्न सकिनेछ ।